# लोक सेवा आयोग

# सूचना-पत्र

# BULLETIN

## साप्ताहिक
## (बुधवार प्रकाशित हुने)


| वर्ष ४४ | २०८३ भदौ ३१ गते | अङ्क ९ |
|---|---|---|
| YEAR 44 | 16 SEPTEMBER 2026 | NO. 9 |


## विषयसूची


पृष्ठ

१. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना — २
(क) रा.प.प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक)

२. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना — ३
(क) रा.प.प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवा, एघारौं तह

३. आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन — ४-७
(क) रा.प.प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवा, एघारौं तह (आ.प्र. तथा खुला)

४. अन्तर्वार्ता सम्बन्धी सूचना — ८-९
(क) न्याय सेवाका विभिन्न समूह, रा.प.तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (खुला तथा समावेशी)

५. विविध — ९
(क) अन्तर्वार्ता सूचीबाट हटाइएको


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline1.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# लोक सेवा आयोगका सूचना

## केन्द्रीय कार्यालय, कमलपोखरी

## सूचना तथा प्रकाशन शाखा

सूचना नं.: ४३९/०८३-८४ प्रकाशन मिति : २०८३/५/३१

## निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक) पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदका लागि निजामती सेवा ऐन, २०४९ को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरूले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/७/३ गते सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा दरखास्त दिनुहुन सूचना गरिन्छ। यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू**

(क) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा (४) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(ङ) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

(छ) दरखास्त फाराम पेश गर्दा आयोगको वेवसाईटमा रहेको बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Check list) समेत भरी पेश गर्नुपर्नेछ।

(ज) दरखास्त दस्तुर रु.२,५००।- (दुई हजार पाँच सय) बुझाउनु पर्नेछ।

(झ) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

(ञ) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**विवरण**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ | | |
| १. | १/०८३-८४ | प्रशासन | ५ (पाँच) |
| २. | २/०८३-८४ | लेखापरीक्षण | १ (एक) |
| आ) | प्राविधिकतर्फ | | |
| १. | ३/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | १ (एक) |
| २. | ४/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | ३ (तीन) |
| ३. | ५/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | १ (एक) |
| ४. | ६/०८३-८४ | इञ्जिनियरिङ्ग, माइनिङ्ग इञ्जिनियरिङ्ग | १ (एक) |
| ५. | ७/०८३-८४ | इञ्जिनियरिङ्ग, मेटेरियोलोजी | १ (एक) |
| ६. | ८/०८३-८४ | वन, स्वायल एण्ड वाटर कन्जरभेसन | १ (एक) |
| ७. | ९/०८३-८४ | वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | १ (एक) |
| ८. | १०/०८३-८४ | विविध (सूचना प्रविधि) | १ (एक) |

सूचना नं.: ४४०/०८३-८४ प्रकाशन मिति : २०८३/५/३१

# निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका एघारौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका निजामती सेवातर्फका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ र निजामती सेवा नियमावली, २०५० को नियम ७४ (२) तथा स्वास्थ्य सेवातर्फका पदहरूका लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ र नियम ६९ बमोजिम २०८३ साल असार मसान्त सम्म बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/७/३ गते सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौं तथा काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा दरखास्त दिनु हुन सूचना गरिन्छ। यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौंमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू**

(क) निजामती सेवा र नेपाल स्वास्थ्य सेवातर्फ कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा (४) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा, समूह, उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) **निजामती सेवातर्फका पदहरूको हकमा**

१. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

२. निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको गणना निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम हुनेछ।

३. महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ।

४. निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।

(ग) **स्वास्थ्य सेवातर्फका पदहरूको हकमा**

१. स्वास्थ्य सेवातर्फका पदहरूको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ६८ र ६९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

२. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७२, ७३, र ७४ अनुसारको ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको गणना नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २९ बमोजिम हुनेछ।

३. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११९ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।

(घ) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर उल्लेख गर्नुपर्नेछ।

(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।

(छ) दरखास्त फाराम पेश गर्दा आयोगको वेवसाईटमा रहेको बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Check list) समेत भरी पेश गर्नुपर्नेछ।

(ज) दरखास्त दस्तुर रु.२,५००।- (दुई हजार पाँच सय) बुझाउनु पर्नेछ।

(झ) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(ञ) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

## विवरण

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| (क) | निजामती सेवातर्फ | | |
| (अ) | अप्राविधिक | | |
| १. | ११/०८३-८४ | प्रशासन | ५ (पाँच) |
| २. | १२/०८३-८४ | लेखापरीक्षण | १ (एक) |
| (आ) | प्राविधिक | | |
| १. | १३/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | २ (दुई) |
| २. | १४/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | २ (दुई) |
| ३. | १५/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | १ (एक) |
| ४. | १६/०८३-८४ | इञ्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेसन | १ (एक) |
| ५. | १७/०८३-८४ | कृषि, मत्स्य | १ (एक) |
| ६. | १८/०८३-८४ | वन, जनरल फरेष्ट्री | १ (एक) |
| ७. | १९/०८३-८४ | शिक्षा, शिक्षा प्रशासन | १ (एक) |
| (ख) | स्वास्थ्य सेवातर्फ | | |
| १. | २०/०८३-८४ | प्रमुख कन्सल्टेन्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी | १ (एक) |
| २. | २१/०८३-८४ | प्रमुख कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | १ (एक) |
| ३. | २२/०८३-८४ | प्रमुख कन्सल्टेन्ट न्यूरो सर्जन, स्वास्थ्य, न्यूरो सर्जरी | १ (एक) |
| ४. | २३/०८३-८४ | प्रमुख कन्सल्टेन्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी | १ (एक) |
| ५. | २४/०८३-८४ | प्रमुख कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | १ (एक) |
| ६. | २५/०८३-८४ | प्रमुख कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी | १ (एक) |
| ७. | २६/०८३-८४ | प्रमुख कन्सल्टेन्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ (एक) |
| ८. | २७/०८३-८४ | प्रमुख कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | १ (एक) |
| ९. | २८/०८३-८४ | प्रमुख औषधि व्यवस्थापक, स्वास्थ्य, फार्मेसी | १ (एक) |

सूचना नं.: ४४१/०८३-८४ प्रकाशन मिति : २०८३/५/३१

# निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका एघारौं तहको आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

निजामती सेवा र स्वास्थ्य सेवातर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका पदहरूमा आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत आवेदन दिनुपर्नेछ।

## (क) निजामती सेवा तर्फ

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | विज्ञापनको प्रकार | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (अ) अप्राविधिक | | | | | | | समय : दिनको १:०० बजे | | |
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | १६६५१/०८३-८४ | न्याय, न्याय | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/५ (संयुक्त) | २०८३/८/६ (संयुक्त) | २०८३/८/७ |
| २. | १६६५२/०८३-८४ | न्याय, कानून | आ.प्र. | - | १ (एक) | १ (एक) | | | २०८३/८/८ |
| ३. | १६६५३/०८३-८४ | न्याय, सरकारी वकिल | आ.प्र. | - | २ (दुई) | २ (दुई) | | | २०८३/८/९ |
| ४. | १६६५४/०८३-८४ | प्रशासन | आ.प्र. | - | ३ (तीन) | ३ (तीन) | | | २०८३/८/१० |
| ५. | १६६५५/०८३-८४ | लेखापरीक्षण | आ.प्र. | - | १ (एक) | १ (एक) | | | २०८३/८/११ |
| ६. | १६६५६/०८३-८४ | न्याय, न्याय | खुला | - | १ (एक) | १ (एक) | २०८३/८/१२ (संयुक्त) | २०८३/८/१३ (संयुक्त) | २०८३/८/१४ |
| ७. | १६६५७/०८३-८४ | न्याय, सरकारी वकिल | खुला | - | १ (एक) | १ (एक) | | | २०८३/८/१५ |
| ८. | १६६५८/०८३-८४ | न्याय, सरकारी वकिल | दलित | १ (एक) | - | १ (एक) | | | |
| ९. | १६६५९/०८३-८४ | प्रशासन | खुला | - | १ (एक) | १ (एक) | | | २०८३/८/१६ |
| (आ) प्राविधिक | | | | | | | समय : बिहान ९:०० बजे | | |
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र | |
| १. | १७१५१/०८३-८४ | आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/१४ | २०८३/८/१५ | |
| २. | १७१५२/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/१७ | २०८३/८/१८ | |
| ३. | १७१५३/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | - | १ (एक) | १ (एक) | | | |
| ४. | १७१५४/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/१९ | २०८३/८/२० | |
| ५. | १७१५५/०८३-८४ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | - | १ (एक) | १ (एक) | २०८३/८/२१ | २०८३/८/२२ | |
| ६. | १७१५६/०८३-८४ | इञ्जिनियरिङ्ग, सर्भे | खुला | - | १ (एक) | १ (एक) | २०८३/८/२३ | २०८३/८/२४ | |
| ७. | १७१५७/०८३-८४ | वन, स्वायल एण्ड वाटर कन्जरभेसन | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/२५ | २०८३/८/२६ | |
| ८. | १७१५८/०८३-८४ | शिक्षा, शिक्षा प्रशासन | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/२७ | २०८३/८/२८ | |

## (ख) स्वास्थ्य सेवा तर्फ

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | विज्ञापनको प्रकार | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम समय : बिहान ९:०० बजे | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७१५९/०८३-८४ | प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८३/८/५ (संयुक्त) | २०८३/८/६ |
| २. | १७१६०/०८३-८४ | प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी | आ.प्र. | - | २ (दुई) | २ (दुई) | | २०८३/८/७ |
| ३. | १७१६१/०८३-८४ | प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ४. | १७१६२/०८३-८४ | प्रमुख कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी | आ.प्र. | - | १ (एक) | १ (एक) | | २०८३/८/८ |
| ५. | १७१६३/०८३-८४ | प्रमुख कन्सल्टेण्ट यूरो सर्जन,स्वास्थ्य,सर्जरी,यूरो सर्जरी | आ.प्र. | - | १ (एक) | १ (एक) | | २०८३/८/९ |
| ६. | १७१६४/०८३-८४ | प्रमुख कन्सल्टेण्ट अर्थोपेडीक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडीक सर्जरी | खुला | - | १ (एक) | १ (एक) | | २०८३/८/१० |
| ७. | १७१६५/०८३-८४ | प्रमुख कन्सल्टेण्ट अप्थलमोलोजिष्ट, स्वास्थ्य, अप्थलमोलोजी | आ.प्र. | - | १ (एक) | १ (एक) | | २०८३/८/११ |
| ८. | १७१६६/०८३-८४ | प्रमुख कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोवायोलोजी | खुला | - | १ (एक) | १ (एक) | | २०८३/८/१२ |

*द्रष्टव्यः सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण गर्न गरिने कानूनी व्यवस्था बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम यो विज्ञापन सूचना प्रकाशन गरिएको छ।*

| | |
|---|---|
| **परीक्षाको किसिमः-** | पाठ्यक्रममा तोकिए बमोजिम लिखित, मामिला विश्लेषण तथा प्रस्तुतीकरण र अन्तर्वार्ता। |
| **लिखित परीक्षाको माध्यम भाषाः-** | पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ। |
| **परीक्षा केन्द्रः-** | काठमाडौं। |
| **दरखास्त दस्तुरः-** | दरखास्त दस्तुर रु.२,५००।- (दुई हजार पाँच सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.६००।- (छ सय) थप दस्तुर बुझाउनु पर्नेछ। |
| **दरखास्त दिने अन्तिम मितिः-** | २०८३/६/२० र दोब्बर दस्तुर तिरी २०८३/६/२७ सम्म। |
| **उम्मेदवारको उमेरको हदः-** | २०८३/६/२० सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको। |

☞ **वहालवाला कर्मचारीको उमेर हदः-**

- ❖ निजामती सेवाको हकमा निजामती सेवा ऐन, २०४९ को दफा १० को उपदफा (१) को खण्ड (ग) को देहाय ३ बमोजिम।
- ❖ नेपाल स्वास्थ्य सेवाको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ को खण्ड (ग) बमोजिम।

☞ सम्मानित सर्वोच्च अदालतको मिति २०७९/१०/२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागे सम्मका लागि लोक सेवा आयोगले मिति २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीको हकमा समेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन। यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ।

| | |
|---|---|
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ। |
| **दरखास्त दस्तुर बुझाउने अवधिः-** | तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर ढिलोमा २०८३/६/२८ गते सम्ममा बुझाई सक्नुपर्नेछ। |
| **अपलोड गर्नुपर्ने कागजातहरूः-** | उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनका लागि तोकिएका सम्पूर्ण कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। |

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ।

| | |
|---|---|
| **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह, उपसमूह सम्बन्धी। |
| **तलबः-** | प्रचलित कानून बमोजिम। |
| **सेवासम्बन्धी निकायः-** | सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरू। |

## निजामती सेवातर्फका पदका लागि आवश्यक न्यूनतम योग्यता

### क) आ.प्र.को लागि

१. निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ । तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ।

२. निजामती सेवा नियमावली, २०५० को नियम ८७ बमोजिम राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कार्यरत सम्बन्धित सेवाका निजामती कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

### (ख) खुलाको लागि

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृतस्तरको पदमा सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

### खुलातर्फका प्रत्येक पदहरूको आवश्यक न्यूनतम शैक्षिक योग्यता

१. **नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **नेपाल प्रशासन सेवाः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त।

४. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त।

५. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहः-** राजपत्राङ्कित तृतीय श्रेणीको नापी अधिकृत वा सो सरहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स सँग सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

## स्वास्थ्य सेवातर्फका पदका लागि आवश्यक न्यूनतम योग्यता

### क) आ.प्र.का लागि

१. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनुपर्नेछ।

२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

३. दरखास्त दिने उम्मेदवारहरू आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

४. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

### आ.प्र. तर्फका प्रत्येक पदहरूको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता

१. **प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

३. **प्रमुख कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

४. **प्रमुख कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि यूरो सर्जरीमा डिप्लोमा वा सो सरह।

५. **प्रमुख कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट, स्वास्थ्य, अप्थल्मोलोजी:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अप्थल्मोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

## (ख) खुलाको लागि

१. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा सात वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

३. दरखास्त दिने उम्मेदवारहरू आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

४. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

### खुलातर्फका प्रत्येक पदहरूको आवश्यक न्यूनतम शैक्षिक योग्यता

१. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **प्रमुख कन्सल्टेण्ट अर्थोपेडीक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडीक सर्जरी:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडीक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **प्रमुख कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोवायोलोजी:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी माइक्रोबायोलोजी वा ब्याक्ट्रीयोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

## सबै उम्मेदवारका लागि थप सर्त तथा निर्देशनहरू

१. दरखास्त दिन चाहने उम्मेदवारले विज्ञापनमा तोकिएका कागजातहरू दरखास्त दिने समयमा तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

२. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

३. आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज उम्मेदवार उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्रसाथ उत्तीर्ण गरिसकेको (सबै वर्ष सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरू समेत संलग्न राखी दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यसरी दरखास्त फाराम पेश गर्ने उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरू जारी हुनासाथ अपलोड गनुपर्नेछ।

४. **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूको लागि आवश्यक पर्ने थप कागजातहरू**

क) **आदिवासी÷जनजातिका हकमा:-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमा:-** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) **अपाङ्गका हकमा:-** समाज कल्याण परिषद्वाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

घ) **मधेशीका हकमा:-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) **पिछडिएको क्षेत्रका हकमा:-** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी दरखास्त पेश गर्ने अन्तिम मिति भन्दा ३ महिना अगाडी सम्मको मितिमा जारी भएको सिफारिस सम्बन्धी प्रमाणित कागजात।

च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईंसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईंसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाईंसराइ गरेको खुल्ने कागजात।

५. **खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरूको अनुभव र सो प्रमाणित गर्ने कागजात:**

(क) देहाय बमोजिमको निकायमा रही अधिकृतस्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र पेश गर्नुपर्नेछ । सो बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैहसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका सर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

(१) निजामती तथा अन्य सरकारी निकाय

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति

(४) ऐनद्वारा स्थापित संस्था वा निकाय

(५) संयुक्त राष्ट्र सङ्घ, यसका अङ्ग तथा विशिष्टिकृत निकाय
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय सङ्गठनहरू
(७) विश्वविद्यालयको आङ्गिक क्याम्पस
(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(ग) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(घ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

(ङ) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(च) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

(छ) आवेदन दिने सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।

(ज) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ।

(झ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

(ञ) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारहरू दरखास्त दिने अन्तिम मिति सम्ममा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

(ट) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ।

(ठ) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

६. **<u>स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरूले दरखास्त व्यवस्थापन केन्द्रमा बुझाउनु पर्ने कागजातः-</u>**

स्वास्थ्य सेवातर्फ आ.प्र. तथा खुला तर्फका पदहरूमा अनलाईन दरखास्त दिने उम्मेदवारहरूले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरूको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरूको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्टसमेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर काठमाडौंमा बुझाउनु पर्नेछ। यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ।

७. दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

८. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

९. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

१०. लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि पेश गर्नु पर्नेछ।

११. परीक्षामा परीक्षार्थीले कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१२. परीक्षा प्रयोजनका लागि उम्मेदवारले आयोगबाट तोकिएका सर्त र निर्देशनको पालना गर्नुपर्नेछ।

१३. पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ।

१४. पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

# अन्तर्वार्ता सम्बन्धी सूचना

## लोक सेवा आयोग, केन्द्रीय कार्यालय

### लिखित परीक्षा नतिजा प्रकाशन शाखा

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको देहायका विज्ञापनमा लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवार मध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर तथा नाम, थर भएका उम्मेदवार उत्तीर्ण भई सूचना प्रविधि सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रविधि सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारले पासपोर्ट साइजको फोटो २ प्रति, आवश्यक न्यूनतम योग्यता एकीन हुने सम्पूर्ण प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरू र दरखास्त फारामको प्रथम र द्वितीय पाना २/२ प्रति भरी यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र यस आयोगको दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा उक्त प्रमाणपत्रहरूको प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी रुजु गराउनु पर्नेछ। आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरू नपुऱ्याएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ। छनौट भएका उम्मेदवारले देहायको स्थान, मिति र समयमा हुने अन्तर्वार्ता दिन आउँदा माथि उल्लिखित सक्कल कागजात र प्रवेशपत्र लिई १(एक) घण्टा अगावै आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखामा अनिवार्य उपस्थित हुनुपर्नेछ। सूचना प्रविधि सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत् सञ्चालन हुनेछ।

**सूचना नं. ४३७/०८३-८४**

**सेवा, समूह, उपसमूह:-** न्याय/न्याय, कानून र सरकारी वकील  **पद:-** शाखा अधिकृत वा सो सरह  **श्रेणी/तह:-**रा.प.तृतीय

**लिखित परीक्षा सञ्चालन मिति:-** २०८३।२।१०, ११ र १२ गते  **नतिजा प्रकाशन गर्ने कार्यालय:-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय।

**लिखित नतिजा प्रकाशन मिति:-** २०८३।५।२९ गते

| विज्ञापन नं. (०८२-८३) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १६६९३ | खुला | ३३ | १३५८ | ५१ |
| १६६९४ | महिला | ९ | | ४९ |
| १६६९५ | आ.ज. | ७ | | १९ |
| १६६९६ | मधेशी | ६ | | १४ |
| १६६९७ | दलित | २ | | ६ |
| १६६९८ | अपाङ्ग | २ | | १२ |
| १६६९९ | पि.क्षे. | १ | | ६ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ३१११७९ | अंकिता शाक्य | आ.ज. | २ | ३१०८१६ | अंशु श्रेष्ठ | खुला, महिला, आ.ज. |
| ३ | ३१०४७० | अनिषा आचार्य | खुला, महिला | ४ | ३१०४४५ | अनुपा भुजेल | खुला, महिला, आ.ज. |
| ५ | ३१०९९६ | अन्वेषा अधिकारी | महिला | ६ | ३१०८२३ | अमृत वि.क. | दलित |
| ७ | ३१०४७९ | अरमान अंसारी | मधेशी, अपाङ्ग | ८ | ३११०६४ | अराध्या यादव | खुला, महिला, मधेशी |
| ९ | ३११०५९ | अविसा कार्की | खुला, महिला | १० | ३१०१६७ | आनसिका साह | मधेशी |
| ११ | ३११०१४ | आबृत्ति पौड्याल | महिला | १२ | ३१०७३० | आयुशा भट्टराई | खुला, महिला |
| १३ | ३१०९०३ | आशा उपरकोटी | महिला, दलित | १४ | ३१०८०९ | आस्था गिरी | खुला, महिला |
| १५ | ३११०७४ | आस्था शर्मा | खुला, महिला | १६ | ३१०४८१ | इशा चौधरी | खुला, महिला, आ.ज. |
| १७ | ३११७७७ | इश्वरी भुसाल | खुला | १८ | ३११०२९ | उत्तरकुमार भट्ट | खुला |
| १९ | ३१०१०८ | उषाकला वि.क. | दलित | २० | ३११७४० | ऋचा ज्ञवाली | महिला |
| २१ | ३१००७२ | ऋतिक यादव | खुला, मधेशी | २२ | ३१०७१३ | ओकेन्द्र प्रकाश पुरी | अपाङ्ग |
| २३ | ३१०७३१ | कञ्चन पंडित | मधेशी | २४ | ३११३९९ | कर्णबहादुर वली | पि.क्षे. |
| २५ | ३१०४३० | कृतिका अधिकारी | खुला, महिला | २६ | ३१००९१ | कृष्मा निरौला | खुला, महिला |
| २७ | ३१०२९२ | गंगा कान्दु | मधेशी | २८ | ३१०७२० | गणेशबहादुर राना | आ.ज. |
| २९ | ४५०१७९ | गौरव पौडेल | खुला | ३० | ६५००७८ | छबिकला कंडेल | महिला |
| ३१ | ६५०१४४ | जगदिश सापकोटा | खुला | ३२ | ३११३१७ | जयन्ती आत्रेय सुनार | दलित |
| ३३ | ३१०६९५ | जानकी पंजियार | मधेशी | ३४ | ३११९८७ | जेलिना महर्जन | खुला, महिला, आ.ज. |
| ३५ | ३१०७८३ | डालकुमारी संजेल | महिला | ३६ | ३१०२४१ | तनिसा खड्का | खुला, महिला |
| ३७ | ३१०१५५ | तृप्ती गाहा मगर | आ.ज. | ३८ | ३१०३०१ | दिपशिखा देवकोटा | खुला, महिला, पि.क्षे. |
| ३९ | ३१०४५० | दिपेन्द्र घर्तीमगर | खुला, आ.ज. | ४० | ३१०६९० | दिपेश अर्याल | खुला |
| ४१ | ३११६८९ | दीक्षा बुढाथोकी | महिला | ४२ | ३११८६५ | ध्रुवबहादुर विष्ट | खुला, पि.क्षे. |
| ४३ | ३१०४२५ | नम्रता खड्का | खुला, महिला | ४४ | ३११३१५ | निरन्जन जोशी | पि.क्षे. |
| ४५ | ३१०३३७ | निरुता यादव | खुला, महिला, मधेशी | ४६ | ३१०१०२ | निशाना भट्टराई | खुला, महिला |
| ४७ | ३१११९२ | नोनालिसा डि.सी. | खुला, महिला | ४८ | ३११२३१ | पुरुषोत्तम पौडेल | खुला |
| ४९ | ३१०९८६ | प्रज्वल बराल | खुला | ५० | ३११२७५ | प्रतिक गौतम | खुला |
| ५१ | ३१०६९१ | प्रतिज्ञा गौतम | खुला, महिला | ५२ | ३१०९३३ | प्रतिमा महर्जन | आ.ज. |
| ५३ | ५०१९० | प्रेम बहादुर राई | आ.ज. | ५४ | ३११६७४ | फडिन्द्र दनुवार | आ.ज. |
| ५५ | ३१०६६२ | बन्दना श्रेष्ठ | अपाङ्ग | ५६ | ३१०५२२ | बबिता अर्याल | खुला, महिला |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५७ | ३१०९३७ | बेतबहादुर चन्द | अपाङ्ग | ५८ | ३११९२२ | ब्रजकिशोर पटेल | मधेशी, अपाङ्ग |
| ५९ | ३१०५२१ | भावना पौडेल | खुला, महिला | ६० | ३११६७१ | भुपाराज राई | आ.ज. |
| ६१ | ३१०७९७ | मधुसुधन खनाल | खुला | ६२ | ३१०९७४ | मनिषा कोइराला | महिला |
| ६३ | ३१०४६२ | मनिषा शर्मा | मधेशी | ६४ | ६५००२६ | माधवकुमार बुढा | पि.क्षे. |
| ६५ | ३१०१५६ | रत्न प्रभा | मधेशी | ६६ | ३१०८६७ | रन्जना महता | महिला, अपाङ्ग |
| ६७ | ३१०९२१ | राधा पाण्डेय | खुला, महिला | ६८ | ३१०२८३ | रामविश्वासप्रसाद कुशवाहा | अपाङ्ग |
| ६९ | ३१०४४८ | रेजिना बोगटी | दलित | ७० | ३१०५८२ | रेनु यादव | मधेशी |
| ७१ | ३११४४७ | रोशन नेपाल | खुला | ७२ | ६५००८५ | ललितबहादुर के.सी. | अपाङ्ग |
| ७३ | ३११४५२ | लुनिभा त्वायना | आ.ज. | ७४ | ३१०७१७ | विद्या गौतम | महिला, अपाङ्ग |
| ७५ | ३११४३७ | विनय लामिछाने | खुला, अपाङ्ग | ७६ | ३१०४६५ | विनोद भट्टराई | खुला |
| ७७ | ३१०९८१ | विवुसा दाहाल | महिला | ७८ | ३११२५५ | शारदा थापा | खुला, महिला |
| ७९ | ३११५७३ | शिवकुमार यादव | खुला, मधेशी | ८० | ३१०१९३ | शुभेच्छा पौडेल | खुला, महिला |
| ८१ | ३१०५९२ | शुभेच्छा शर्मा | महिला | ८२ | ३१०५४१ | श्रीतिका पोखरेल | खुला, महिला |
| ८३ | ३१०२९३ | संगिता गौडेल | महिला | ८४ | ३१००९९ | संगिता तिमल्सीना | खुला, महिला, अपाङ्ग |
| ८५ | ३१०२४७ | संतोषकुमार साह | मधेशी | ८६ | ३११४९९ | सपना लामिछाने | महिला |
| ८७ | ४५०१७० | सबिना अधिकारी | खुला, महिला | ८८ | ३१०९७३ | समिक्षा राई | खुला, महिला, आ.ज. |
| ८९ | ३१०९१४ | समिक्षा रोकाय | पि.क्षे. | ९० | ३११७४७ | सरु श्रेष्ठ | महिला |
| ९१ | ३१०७५८ | सविता सिग्देल | खुला | ९२ | ४५००९४ | साधना खत्री | खुला, महिला |
| ९३ | ५५००१३ | सिमाना थापा क्षेत्री | महिला | ९४ | ३१०७९९ | सुजन पौड्याल | महिला |
| ९५ | ३१०६५५ | सुधा सापकोटा | अपाङ्ग | ९६ | ३१११४७ | सुप्रिया जबेगू | आ.ज. |
| ९७ | ३१०५१८ | सुभाष लामिछाने | खुला | ९८ | ३१०९४२ | सुमन नेपाली | दलित |
| ९९ | ३११२९० | सुशान्त पराजुली | खुला | १०० | ३१०००४ | सुस्मीता मानन्धर | आ.ज. |
| १०१ | ३१०५३७ | सृष्टि अर्याल | खुला, महिला | १०२ | ३११२५३ | सैलेश खिउजु | आ.ज. |
| १०३ | ३११११२ | स्मृति वन | खुला, महिला | १०४ | ३११२८८ | स्मृती राई | आ.ज. |
| १०५ | ३१२१३९ | हिसिला महर्जन | खुला, महिला, आ.ज. | | | | |

**सूचना प्रविधि सीप परीक्षण परीक्षा हुने मिति, समय र स्थान :** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर।

| मिति | ब.क्र.नं. | समय | ब.क्र.नं. | समय | ब.क्र.नं. | समय | ब.क्र.नं. | समय |
|---|---|---|---|---|---|---|---|---|
| २०८३।६।१७ | १-१८ | बिहान ८:०० बजे | १९-३६ | बिहान ९:०० बजे | ३७-५४ | दिनको ११:०० बजे | ५५-७१ | दिनको १२:०० बजे |
| | ७२-८८ | दिनको १:०० बजे | ८९-१०५ | दिनको २:०० बजे | | | | |

**सामूहिक परीक्षण र अन्तर्वार्ता कार्यक्रम हुने मिति, समय र स्थानः** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी।

| ब.क्र.नं. | मिति | सामूहिक परीक्षण | अन्तर्वार्ता कार्यक्रम | ब.क्र.नं. | मिति | सामूहिक परीक्षण | अन्तर्वार्ता कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| १-१५ | २०८३।६।१९ | बिहानको १०:३० बजे | दिनको ११:०० बजे | १६-३० | २०८३।६।१९ | दिनको १:३० बजे | दिनको २:०० बजे |
| ३१-४५ | २०८३।६।२० | बिहानको १०:३० बजे | दिनको ११:०० बजे | ४६-६० | २०८३।६।२१ | बिहानको १०:३० बजे | दिनको ११:०० बजे |
| ६१-७५ | २०८३।६।२१ | दिनको १:३० बजे | दिनको २:०० बजे | ७६-९० | २०८३।६।२२ | बिहानको १०:३० बजे | दिनको ११:०० बजे |
| ९१-१०५ | २०८३।६।२३ | बिहानको १०:३० बजे | दिनको ११:०० बजे | | | | |

# अन्तर्वार्ता तथा सिफारिस शाखा

## अन्तर्वार्ता सूचीबाट हटाइएको

### सूचना नं. ४१०/०८३-८४, मिति २०८३।५।२४

आयोगको देहाय बमोजिमका विज्ञापन नम्बर, सेवा, समूह, रा.प.द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको लिखित परीक्षाबाट **In Basket Exercise** तथा अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुको अनुभव लोक सेवा आयोग (कार्य सञ्चालन), निर्देशिका, २०७९ को दफा ११ को उपदफा (५) को खण्ड (ज) मा भएको "राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गर्ने" भन्ने व्यवस्थासँग मिल्दो नदेखिएकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ को उपदफा (३) बमोजिम निजहरुको दरखास्त र परीक्षा समेत बदर गरी अन्तर्वार्ताका लागि प्रकाशित सूचीबाट निजहरुको नाम हटाउने गरी आयोगबाट मिति २०८३/०५/२४ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह | रोल नम्बर | नाम थर | छनौट समूह |
|---|---|---|---|---|---|
| १ | १६६८४/०८२-८३ र १६६८६/०८२-८३ | प्रशासन/लेखा र राजस्व | ८७१८०२ | सुरेन्द्र कार्की | खुला |
| २ | १६६८६-१६६८७/८२-८३ | प्रशासन/राजस्व | ८७१२०२ | अन्जु चौधरी | खुला, महिला |
| ३ | १६६८६/०८२-८३ | प्रशासन/राजस्व | ८७१२७७ | वाचस्पति सुनुवार | खुला |